राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

हर्दि, भण्डारा चितवन

लेखा समितिको प्रतिवेदन

आ.व. २०७६/२०७७

Scanned with CamScanner

अध्यक्ष महोदय,प्रमुखअतिथिज्यू,अतिथिज्यूहरु र मानानीय सदस्यज्यूहरु :

राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको शासन व्यवस्थालाई थप जनमुखि सेवामुखि जनउत्तरदायि र पारदर्शी तुल्याई सुशासनको प्रत्यभुति दिलाउने सन्र्दभमा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ५दफा २२मा नगर सभाले नियमावली वनाई आफनो कार्यप्रणालिलाई व्यवस्थित गर्न कुनै सदस्यको संयोजक्त्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान भए वमोजिम यस नगर पालिकाको तेस्रो नगर सभा मिति २०७५असार ११ गतेको निर्णय वमोजिम लेखा समिति गठन भएको व्यहोरा अवगत गराउन चाहान्छु । स्थानिय नेतृत्वको विकास गर्दै स्थानिय साशान पद्धतीलाई सुदृढ गरि स्थानिय तहमा बिधायिकी,कार्यकरिणी र न्याायिक अभ्यासलाई संस्थागत गर्न स्थानिय सरकार संचालन गर्ने उदेश्यले यस नगरपालिकाको स्थापना भएको हो । २१२.३१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिका समुन्द्रि सतह २०८.१७ देखि १९०६.८२ मिटर सम्मको उचाइमा रहेको छ । १३ वटा वडामा विभाजन गरिएको यस नगरपालिकामा विभिन्न जातजातिहरु धार्मिक,सांस्कृतिक, भौगोलिक रुपमा रमाउने करिव ६४८२०। जनसंख्या रहेको छ ।नगरपालिकामा स्थानिय सरकार संचालन गर्ने कार्यको लागि सहकारिता, सह.अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानिय सरकारको कार्यमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरि नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको उदेश्य हो । राप्ती नगरपालिकाको आ.व.२०७६/२०७७ को लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन र अन्य कागजात साथै नगरवासी,वडा कार्यलयहरु, शाखाकार्यलयहरुबाट प्राप्त सुचना, जानकारी प्रमाणहरुको आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

सबल पक्ष :

स्थानिय तहको निर्वाचन पछि नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था भई सिहदरवारको अधिकार घर घरमा पुरयाउन,जनताका आवजहरुलिइ सेवा, सुविधा, छिटो, छरितो, सरल, सहज वनाउनका लागी प्रयात्नशिल हुनु ।नगरपालिकामा कर्माचारीहरुको दरवन्दी कोटा व्यवस्थापन गरी करिव ५५ प्रतिशत विकास वजेट खर्च गर्न सफलता हुनु । आर्थिक व्यवस्थापनमा कम्प्युटर सफटवेयर ,कार्यलय व्यवस्थापन, नगरपालिकाको आफ्नै कार्यलय भवन निर्माण गर्नु, वडा स्तरीय कार्यलयहरु निर्माण गर्नु, नगरपाकिा, संधियसरकार र प्रदेशसरकारसंगको समन्वयमा स्तरीय गौरवका योजनाहरुले निरन्तरता पाउनु, नगरपालिका भित्र शिक्षा,स्वास्थ्य खानेपानी तथा सरसफाई,वनजंगल,पर्यटन,तटवन्धन,पक्किपुल साथै अन्य भौतिक पुवाधारको विकासमा असारण परिवर्तन आउनु, आयआर्जन गरिवीन्युनीकरण, विपन्न समुदाय लक्षितकार्यहरुमा समेत प्रबेश गर्नुको साथै हाल विश्व भर फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारणले अस्तव्यस्तता भएको नगरवासीहरु प्रति स्रोत साधानको उपलब्धताको आधारमा पुर्याएको सेवा साथै नगरपालिकावाट हुने अनुगमन मुल्याङकन जस्ता कार्यहरु यस नगरपालिकाको सबल पक्ष रहेका छन ।

Scanned with CamScanner

कम्जोर पक्ष :

स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रसाशकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिनु पर्ने र १५ दिन भित्र प्रमुख प्रसाशकिय अधिकृतले महाशाखा प्रमुख वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था रहेको छ । नगर सभा र बजेट कार्यन्वयनको समय धेरै ने अन्तर भैई असारे विकास सम्म आइपुग्नुमा निर्णायमा ढिला सुस्ति, कार्यन्वयनमा निस्कृय हुनाले शत प्रतिशत विकास बजेट समयमा खर्च गर्न नसकिएको कम्जोरिहरु जनगुनासो र व्यवाहारहरुबाट देखापरेको छ । पहाडी भेगमा पर्ने वडाहरु कोराक ,लोथर(१०, ११, १२ र १३) भौगोलिक विकट, टाढा दुरी ,यातयात, उच्चशिक्षा, पर्याप्त स्वास्थ्य, विजुलि, खानेपानीको सुविधा नभएकोले विकास बजेट सचालन ,एकीकृत सम्पति कर बुझाउने जस्ता कार्यहरु साथै अन्य सेवा सुविधाहरुप्रति सन्तोसजनक देखिदैनन् । नगरपालिका भित्रका सबै उघोग व्यवसायहरुलाई करको दायर भित्र ल्याउन नसक्नु सरकार संञ्चालन ऐन २०७४को दफा ६६ वमोजि गठित स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले अनुमान गरिएवमोजिमको आम्दानी नहुनु र नगरपालिका भित्रका नागरिकहरुलाई उत्पादनमुलक र रोजगारी शिर्जनाहुने जस्ता कार्यहरु अधिकतम नभएको हुदा त्यस प्रति गम्भिर हुनुपर्ने देखिन्छ ।

अवसरहरु:

राप्ती नगरपालिका भौगोलिक विविधताको कारण कृषिमा विविधिकरण गर्न सक्ने,नगरपलिकाको उत्तरी पहाडी क्षेत्र मौसमी वेमौसमी तरकारी खेति पशुपालन वाखापालन कुखुरापालन,माहुरीपालन,फलफुल तथा जडीवुटी खेति अर्गानिक खेति प्रणालिको निम्ति पकेट क्षेत्रको रुपमा विकास गर्न उपयुक्त रहेको छ । समथर भुभागमा विभिन्न खाघवाली उत्पादन तरकारी खेति,मत्स्यपालन,पसु पालन,कुखुरापालन,फलफूलखेतिको निम्ति उपयूक्त वातवरण रहेको र पुर्व पश्चिम लोकमार्ग यसै नगरपालिका भएर जाने, लोथर राप्ती जस्ता नदीनालाहरु,विभिन्न सामुदायिक वनहरु,साथै चितवन राष्टिय निरकुञ्जा १९६५मि.उचाइमा,कमिनचुलिको डाँडा,नोक गुफा साथै सयौ प्रकारका वनस्पति र वन्यजन्तुहरु पाउनुको साथै विभिन्न जातजातिरुको कर्मथलो धार्मिक, सांस्कृतिक विविधतापूर्ण समाज भएको हुदा यस नगरपालिकालाई विकासको निम्ति अवसरको रुपमा लिन सकिन्छ ।

चुनौतीहरु:

राप्ती नगरपालिकाको उत्तरी पहाडी क्षेत्र पहुँचको हिसावले विकट पटक पटक आइरहने वाढी पहिरो खेतियोग्य जमिनको कमी, कृषि उत्पादनमा उपयुक्त वजार व्यवस्थापनको अभाव, सडक, यातयात, खानेपानी, अव्ववस्थित बसोवास, सकमुदायिक विघालयहरुमा स्रोत, दक्षजनशक्ति र उच्च शिक्षाको अभाव,शिक्षाको गुणस्तरमा कमी, साथै समथर भागमा जमिनको खण्डिकरण जंगली जनावरवाट पुर्याउने क्षति, प्राकृतिक स्रोतहरुको दोहन,रासयनिक मल र विषादिको अधिक प्रयोग साथै राप्ती र लोथरखोलाले पुर्याउने क्षति यस नगरपालिकाको विकासका निम्त चुनौती रहेका छन ।

Scanned with CamScanner

अध्यक्ष महोदय,

अब म लेखा समितिको प्रतिवेदनलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु ।

- राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको आ.व.२०७५/२०७६को नगर सभाबाट स्विकृत वार्षिक बजेट तथा कार्यक्रमले ९५ प्रतिशत काम सम्पन्न भएको छ ।शत प्रतिशत कार्य सम्पन्न गर्न समयमा नै नियमनुसार प्राविधिक स्टिमेट,योजना सम्झौता,अनुगमन मुल्याङकन् र नियमअनुसार भुक्तानीको व्यवस्था मिलाउनु पर्दछ ।
- यस नगरपालिकाले आ.व.२०७५।२०७६मा आन्तरिक आय तर्फ अनुमान गरेको आम्दानी फरक हुनुको कारणको सम्वन्धमा नगरपालिकाले आयका स्रोत पहिचान गरी लक्षहासिल गर्ने तर्फ प्रयत्न गर्नु पर्दछ ।
- राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको वार्षिक बजेटमा उल्लेखित कार्यक्रमहरु तर्जुमा गर्दा स्थानिय आवश्यकताको पहिचान,स्रोतको उपलब्धताको आंकलन,आर्थिक संवृद्धिको लक्षहरुको पहिचान,दिगो विकास लक्षहरुको पहिचान जनसहभागितात्मक योजना छनौट प्रणालिका पद्धतिहरु अवलम्वन गरी वार्षिक नीति तथा कार्यक्रमहरु तय गरिएको पाइएको छ । उक्त कार्यक्रमहरुलाइ सफलतामा पुर्याउन यस नगरपालिकाले लिइएको उदेश्य संवृद्ध राप्ती नगरपालिकाको आधार,कृषि,पर्यटन र पुर्वाधारलाइ पहिलो प्राथमिकता राखि काम गर्ने ईच्छा शक्ति राख्नु पर्दछ ।
- यस राप्ती नगरपालिका अर्न्तगतका १देखि१३ वटै वडा कार्यलयहरुबाट संचालित कार्यक्रमहरु ९५प्रतिशत सम्पन्न भएको पइएको छ ।उक्त कार्यलयहरुको आन्तरिक स्रोत सम्वन्धमा वडा कार्यलयहरुले घटना दर्ता ,सिफारिस सुल्क, अन्य सुल्क आदि संकलन गरी राप्ती नगरपालकिाको कार्यलयमा जम्मा गरिएको पाइयो । साथै केहि वडा कार्यलयहरु बाहेक बाकी वडा कार्यलयहरुले वार्षिक रुपमा समिक्षा,खर्च सार्वजानिक समेत नगरिएको हुदा त्यस तर्फ सचेत हुनुपर्ने देखिन्छ ।
- राप्ती नगरपालिका हर्दि भण्डारा चितवनको स्विकृत कार्यक्रम अनुसार खेलकुद विकास समिति र पर्यटन विकास समिति जस्तो महत्वपुर्ण समिति गठन नभएकोले त्यस तर्फ ध्यानकेन्द्रित हुनुपर्ने देखिन्छ ।
- सरकारी कार्यलयमा प्राप्त हुने जुनसुकै प्रकारको आम्दानी बुझिलिदा म.ले.प.फा.न.११नगदी रसिद प्रयोग गरी बुझि लिनु पर्ने र प्राप्त भएको रकम बैंक दाखिला गर्नु पर्ने कानुनी व्यवस्था छ ।यस नगरपालिकाको केहि वडकहरुमा राजश्व बुझ्ने कर्मचारीले विभिन्न कामको सिफारिस गरे वापत प्रप्त गरेको रकमको नाम र रकम मात्र टिपोट गरी आम्दानी देखाइएको पाइएको हुदा अनिवार्य नगदी रसिद प्रयोग गर्ने तर्फ गम्भिर हुनुपर्ने देखिन्छ ।
- उपभोक्ता समिति मार्फत गराउने कार्यको लागत अनुमान तयार गर्दा काम गरिने स्थान, प्राविधिक नाँपजाच र एकिन गर्नुपर्ने कानुनी व्यवस्था छ । यस नगरपालिकाको

Scanned with CamScanner

केहि योजनाहरुको कार्यमा एउटै परिमाण अइटम दर राखि सम्झौता भएको छ । कामको स्थान अनुसार आवश्यक परिमाणको अनुमान गरी लागत अनुमान यथार्थ कार्यपरिमाणको आधारमा गर्नु पर्नेमा एउटै डिजाएनवाट फरक फरक क्षेत्रको कामलाई एउटै लागत अनुमान खर्च गराइएको पाईएकोले वास्तविक रुपवाट काम गर्नु पर्ने देखिन्छ ।

- स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद ५ को दफा २३ मा सभाको व्यवस्थापन कार्य बिधि सम्बन्धि अन्य बिषय सभाले बनाएको कार्य संचालन नियमावली अनुसार हुने व्यवस्था रहेको छ । यस नगरपालिकामा गठित लेखा समिति तथा अन्य समितिहरुको कार्य संचालन नियमावली बनाइ लागु गर्नु पर्ने कार्य प्रति सचेत हुनु पर्ने देखिन्छ ।
- नगरपालिका भित्र विकास निर्माणका योजनाहरु संचालन गर्ने क्रममा पेश्की रकमको व्यवस्था नहुदा कामको ढिलाई उघोग व्यवसायीहरुमा आर्थिक कारोवारको ह्रासले व्यवसायी र उपभोक्ता समिति वीच विश्वासको वातवरण गुमेको कुरा ज्वलन्त रुपमा आइरहेको छ । उपभोक्ता समितिले ईमानदारिताका साथ कार्य सम्पन्न गर्न चर्को व्याजदरमा रकम लिइ योजनाहरु संचालन गरेकोले यस तर्फ गम्भिर छलफल हुनुपर्दछ

बेरुजुहरु.....

१.माहालेखापरीक्षकको कार्यलय वागमति प्रदेश लेखा परिक्षण निर्देशनालयको च.न.६३१ मिति २०७६/१२/७ को यस नगरपालिकामा प्राप्त पत्रनुसार आ. व.२०७५/०७६ को लेखापरिक्षण भैई प्रारम्भिक प्रतिवेदनमा औल्याएका बेरुजुहरु मध्ये प्रक्रियाका आधारमा रु १,२५,१४,७१३। र रु २,१२,११४। असुल गरि बैक दाखिला गरी जम्मा रकम रु १,२७,२६,८२७। बेरुजु फछ्र्यौट भएको व्यहोरा अवगत गराउन चाहान्छु ।

१२.यस नगरपालिकाले म.ले.प.प्रतिवेदनबाट औल्याएका सैद्धान्तिक बेरुजु,पेशिक बेरुजु, नियमित गर्नुपर्ने बेरुजु र असुल उपर गर्नुपर्ने बेरुजहरु सम्वन्धमा असुल उपर गर्नुपर्ने बेरुजुहरु एथसक्य छिटो असुल गर्ने र अन्य बेरुजुहरुको हकमा आवश्यक पर्ने कागजात,प्रमाणहरु पेश गरी नियमित, शोध भर्ना र जिम्मेवारी सारी बेरुजु फछ्र्यौट गरी समपरिक्षणको लागि पेश गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा: महालेखापरिक्षणको कार्यलयवाट स्वीकृत व्यवस्थापकिय पक्ष, वित्तिय व्यवस्थापन, सेवा प्रवाह, खरिद व्यवस्थापन, विकास निर्माणका आधारमा स्वीकृत गरेको कार्यलय निकायको वित्तिय जवाफदेहितामा थप प्रयत्न गरी नगरपालिकाले लिएको लक्ष्य उदेश्य प्राप्त गर्न सफलता मिलोस सुभकामना व्यक्त गर्न चाहान्छु । धन्यवाद ।

समाप्त

२०७६/१२/१०

Scanned with CamScanner